नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

**मुद्दा-: सार्वजनिक शान्ति बिरुद्धको कसूर ।**

**मि.नं.-१४ दायर मितिः-२०८१/०४/०८**

**फैसला मितिः-२०८१/०४/०८**

| **वादी** | **प्रतिवादी** |
|---|---|
| **प्र.स.नि.गुलसन कुमार सिंह समेतको प्रतिवेदनले नेपाल सरकार.........................१** | **जिल्ला पर्सा विरगंज म.न.पा.वडा नं.२० बस्ने ईश्वर रायको छोरा बर्ष २० को बिकाश राय........१** |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीले प्रहरीलाई गाली गलौज गर्दै हातपात समेत गर्न खोजी कर्तव्य पालनामाबाधा पुर्याएको भन्ने प्रहरी प्रतिवेदन.।

२. प्रतिवादीले प्रहरीलाई प्रहरीलाई गाली गलौज गर्दै हातपात समेत गर्न खोजी कर्तव्य पालनामाबाधा पुर्याएको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

३. मैले प्रहरीलाई प्रहरीलाई गाली गलौज गर्दै हातपात समेत गर्न खोजी कर्तव्य पालनामाबाधा पुर्याएकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।

४. प्रहरीलाई गाली गलौज गर्दै हातपात समेत गर्न खोजी कर्तव्य पालनामाबाधा पुर्याएकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका समेतको घटनाविवरण कागज।

५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।

६. प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान ।

**ठहर-खण्ड**

यसमा मिति २०८०।०३।२४ गते अ.१४:०० बजेको समयमा जिल्ला पर्सा वीरगंज म.न.पा.वडा नं.२ स्थित सडकमा चेकजाँच गर्ने क्रममा बिकाश रायलाई मोटरसाईकलमा २ जनालाई बसाई आएको देखी सोधपुछ गर्दा निजले उल्टै आवेशमा आई अपशव्द प्रयोग गरी गाली गलौज गर्दै हातपात समेत गर्न खोजी कर्तव्य पालनामा बाधा पुऱ्याएको भन्ने प्रहरी प्रतिवेदन तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(२) बमोजिम प्रतिवादी विकाश रायलाई कैद दिन २२ र जरिवाना रु.२०००/- अक्षेरपी दुई हजार मात्र दुई हजारठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ६६(२) बमोजीम प्रतिवादी विकाश रायलाई ठहरेको कैद दिन २२ को हकमा निज मिति २०८१/०३/२४ देखि २०८१/०४/०७ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवानाको हकमा रकम रु.२०००/- असुल उपर गर्नु ---१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु-१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु---------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

दिनेश सागर भुसाल

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८१ श्रावण महिना ८ गते मंगलवार रोज ३/ ने.सं. १४४४ दिल्लागा द्वितीया, शुभम् ........